

## शुन्य खनजोत प्रविधिः

खनजोत नगरेर माटोको संरचना नविगारी खेती गरिने प्रविधी नै शुन्य खनजोत प्रविधी (Zero Tillage) हो । उपयुक्त कृषि उत्पानका लागि बाधाको रुपमा देखा पर्दै गएको बदलिदो हावापानी, सिंचाईको अभाव तथा लामो समयको खडेरीले गर्दा समयमा नै किसानहरुले भनेको जस्तो लाभ लिन सकिराखेका छैनन । नेपालको सन्दर्भमा धान काटीसकेपश्चात सिंचाईको अभावले कतिपय खेतहरु बाँझै नै रहेको पाईन्छ । यसरी खेर गईरहेको जमिनको सदुपयोगका लागी खेतमा रोपेको धान काटी सकेपछि नयाँ बाली लगाउन सकिन्छ । खेतमा धानबाली काट्ने समयमा पनि मसुरो, केराउ लगायतका दलहन बाली छर्न सकिन्छ भने धान काटेर बाँकी रहेको धानको गाँजको ठुटामा लसुनको केस्रा रोपेर समेत त्यसबाट उत्पादन लिन सकिन्छ । यहि प्रविधीलाई शुन्य खनजोत प्रविधी भनिन्छ ।

## शुन्य खनजोत प्रविधिको महत्वः

- खनजोत नगरिकन खेती गर्न सकिने भएकाले कार्यबोझ घट्ने र समयको बचत हुन्छ ।
- यस प्रविधिले जमिनको चिस्यान कायम राख्न र भू-क्षय हुन बाट जोगाउछ ।
- खेतीका लागि महिलाहरुको कार्य बोझ पनि कम हुने भएकोले महिला मैत्री हुन्छ ।
- शुन्य खनजोत प्रविधिका लागि खेती गर्न परिवारका सबै सदस्यहरुले पनि सहयोग गर्न सकिन्छ ।
- धान काटिसकेको ठुटाहरुमा भएको नाईट्रोजन र पोषक तत्वको उपयोग हुन्छ ।
- बच्चा देखी बृद्धा अवस्थाका व्यक्तिहरुले पनि खेती गर्न सकिने हुन्छ ।
- श्रम गर्न सक्ने व्यक्तिहरु गाउँमा कमी हुँदै गर्दा कम श्रम बाट पनि खेती गर्न सकिने हुन्छ ।
- खनजोत गरि खेती गर्ने प्रविधिको तुलनामा यस प्रविधिबाट उत्पादन चाँडो लिन सकिन्छ ।
- जग्गा नै बाँझो राख्नुपर्ने समस्या समाधान हुन्छ ।

## शुन्य खनजोत प्रविधिबाट लगाउन सकिने बालीहरूः

- **केराऊ, चना, मसुरो जस्ता दलहन बालीहरुः**

  यो बालीलाई लगाउनाको लागी धान खेतमा अन्तिम सिंचाई गरेको ३ दिन पछि वा धान काट्नु भन्दा १ हप्ता पहिले नै खेतमा छर्नु पर्दछ । यसो गर्नाले चिस्यान कायम हुने र सजिलै विऊ उम्रन सक्ने हुन्छ । यो विशेष गरि तराई क्षेत्रमा गरेको पाईएको छ ।

- **गहुँ बाली:**

शुन्य खनजोत प्रविधि अन्तर्गत यो बाली विस्तारै नेपालमा प्रयोगमा ल्याउन थालिएको छ। यसलाई लगाउँदा पनि धान खेतमा अन्तिम सिंचाई गरेपछि वा धान काट्नु भन्दा ५ दिन अगाडी नै खेतमा छर्नुपर्दछ। यसरी छर्दा धान काट्न कुनै झन्झट नहुने र धान काटिसके पछि बाँझो खेत जोत्नु नपर्ने हुनाले पनि किसानहरुले यो प्रविधि मन पराउन थालेका छन।



- **लसुन खेती प्रविधी**

शुन्य खनजोत प्रविधि अन्तर्गत लसुन खेती गर्ने प्रचलन पछिल्लो समयमा निकै बढेको देखिन्छ। लसुन खेती गर्दा धान काटि सकेपछि धानको गाँजमा लसुनको बिऊ रोप्नु सकिन्छ। खनजोत गर्नु नपर्ने, सिंचाईको आवश्यकता नपर्ने र महिला मैत्री प्रविधि भएकाले यो अझ बढी लाभदायी प्रविधि हो। लसुन खेतीको लागी धानका ठुटा ३ ईन्च जती लामो गरि धान काट्नु पर्दछ। यसो गर्नाले लसुन रोप्न सजिलो, चिस्यान कायम रहने र पोषक तत्व पनि सजिलै प्राप्त गर्न सकिन्छ।

धान खेतमा शुन्य खनजोत खेती प्रविधि बाट लसुन खेती गर्दा उत्पादनको परिमाण पनि बढी लिन सकिने र खनजोत प्रविधिको तुलनामा चाँडो उत्पादन हुन्छ। यो प्रविधी तराई क्षेत्रबाट विस्तार हुँदै पहाडी तथा उच्च पहाडी क्षेत्रको भुगोलमा पनि सुरु गरेको पाईन्छ। किसानका लागि सजिलो र महिला मैत्री प्रविधि भएकाले यस प्रविधिबाट लसुन खेती गर्न पछिल्लो समयमा थप आकर्षण बढेको पाइएको छ।



सहास-नेपाल
SAHAS-Nepal
27 YEARS WITH COMMUNITY
पोष्ट बक्स : ८९७५, ई.पी.स. : १५९०, ललितपुर, नेपाल
फोन नं. : ९७७-१-५९०५६७०, ५९०५६७१, ईमेल : info@sahasnepal.org.np
**www.sahasnepal.org.np**